## जातीय समानता प्रवर्द्धनका लागि विद्यमान तथा नियोजित उपायहरू

## सहायक चिकित्सा सेवा

सहायक चिकित्सा सेवा (AMS) मुख्यतया आपत्कालीन अवस्थामा सरकारी विभाग तथा बाह्य संगठनहरूलाई पूरक स्वयंसेवा चिकित्सा सेवाहरू प्रदान गर्दै स्वास्थ्य विभाग, अस्पताल नियोग तथा र दमकल सेवा विभागका नियमित सेवाहरूमा सहयोग पुऱ्याउन पूरक स्वयंसेवा चिकित्सा सेवाहरू प्रदान गर्न जिम्मेवार छ । यसका साथै, यसले विधागत सेवाका कर्मचारी तथा अन्य उपयुक्त निजामति कर्मचारीहरूका लागि उनीहरूको कार्यसम्पादन दक्षता र प्रभावकारिता बढाउन प्यारामेडिक प्रशिक्षणको पनि आयोजना गर्दछ ।

क. सदस्यहरूकोभर्ती

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • AMS सेवाको सदस्यताका लागि जुन जातिको भए पनि सबै आवेदकहरूलाई समान अवसर प्रदान गर्न कोसिस गर्दछ । प्रवेशका लागिआधारभूत मापदण्डहरू पूरा गर्ने सबै जातिका आवेदकहरूका लागि AMS को सदस्यताका पदहरू खुल्ला छन् । |
| विद्यमान उपायहरू | • AMS मा खुलापन र निष्पक्षताको सिद्धान्तका आधारमा सदस्यता वितरण गरिन्छ । खुला सदस्यता वितरण कार्यमा समावेश हुने सबै उम्मेद्वारहरूलाई उनीहरूको योग्यता, कार्यसम्पादन र चरित्रको आधारमा र सम्बन्धित सदस्यताका पदहरूका लागि तोकिएका मापदण्डहरूको आधारमा निर्धारित प्रवेश मापदण्डहरू (भाषा प्रवीणता लगायत) लाई ध्यानमा राखी निरन्तर मूल्याङ्कन गरिन्छ ।<br>• जाति छनोट प्रक्रियामा विचार गरिने सान्दर्भिक पक्ष होइन । यस परिप्रेक्षमा, AMS ले उम्मेद्वारहरूलाई उनीहरूको जातीय मूल घोषणा गर्न लगाउँदैन, न त यसले व्यक्तिगत नयाँ सदस्यहरूको जातीय मूलका बारेमा कुनै विवरण नै सङ्कलन गर्दछ । |
| भविष्यका कार्यहरूको मूल्याङ्कन | • AMS ले सदस्यता पदका लागि भाषा प्रवीणता मापदण्डहरू समीक्षा गर्ने नै छ र वास्तविक कार्यसञ्चालन मापदण्डहरू पूरा गर्ने र साथसाथै, सदस्यता पदका लागि आवेदन गर्दा सेवामा संलग्न हुन चाहनेहरूलाई सहजीकरण गर्ने दृष्टिकोणका साथ उपयुक्त समायोजन गर्नेछ ।<br>• AMS ले आवश्यकता अनुसार आफ्ना सेवाहरूलाई थप अनुकूल बनाउन जातीय समानतालाई सुदृढीकरण गर्न र भेदभाव उन्मूलनका लागि सम्बन्धित उपायहरू अपनाउने बारेमा समीक्षा गर्नेछ । |

ख. प्राथमिक उपचार कभरेज र गैर-आपत्कालीन एम्बुलेन्स ट्रान्सफर सेवाहरू

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | • | AMS ले दुर्घटना स्थलहरूमा सदस्यहरूलाई जुनसुकै जातीका भए पनि सबै तह र तप्काका मानिसहरूलाई घाइतेहरूको प्राथमिक उपचार गर्न र गैर-आपत्कालीन एम्बुलेन्स ट्रान्सफर सेवाहरू प्रदान गर्न परिचालन गर्दछ । |
| विद्यमान उपायहरू | • | AMS को लक्ष्य भनेको जुनसुकै जातिका भए पनि सबै जनतालाई प्राथमिक उपचार कभरेज र एम्बुलेन्स ट्रान्सफर सेवाहरूमा सहज र समान पहुँच पुर्‍याउने हो । |
| भविष्यका कार्यहरूको मूल्याङ्कन | • | AMS ले हाल आफ्नो दैनिक कार्यका लागि दोभाषे सेवाहरू प्रदान गर्दैन । त्यति हुँदाहुँदै पनि, भविष्यमा त्यस्ता आवश्यकता देखा परेमा, AMS ले हरेक परिस्थितिहरूलाई ध्यानमा राख्नेछ र आवश्यकता परेकालाई सम्बन्धित सेवाहरूको व्यवस्था गर्नेछ । |

जातीय समानता प्रवर्द्धनका लागि लिइएका विद्यमान र सुनियोजित उपायहरूको बारेमा सोधपुछको लागि, कृपया सहायक विभागीय सचिवलाई सम्पर्क गर्नुहोस्, सुश्री। CHENG Ka Ying, Maggie निम्न च्यानलहरू मार्फत:

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2762 2016 |
| फ्याक्स नं. | : | 2715 0245 |
| ईमेल | : | ads@ams.gov.hk |
| पत्राचार ठेगाना | : | 81 प्रिन्सेस मार्गरिट रोड, हो मान टिन, काउलुन, हङकङ |

**सहायक चिकित्सा सेवा**

**जुन 2024**